# राज्य पुनर्संरचना, सङ्घीयता र कर्मचारी व्यवस्थापन



विष्णुप्रसाद रेग्मी
शाखा अधिकृत
सामान्य प्रशासन मन्त्रालय

## १. विषय प्रवेश

राज्यपुनर्संरचना, सङ्घीयता र कर्मचारी व्यवस्थापन एकआपसमा अन्तरसम्बन्धित छन् । कसै कसैले राज्य पुनर्संरचना भनेको नै सङ्घीयता हो कि जस्तो गरेर उल्लेख गरेको पाइन्छ । त्यो सत्य होइन । राज्य पुनर्संरचना भनेको विद्यमान संरचना र स्वरूपले राज्य र जनताका समग्र आवश्यकता र चाहनाहरूलाई सम्बोधन र सन्तुष्ट पार्न नसकिरहेको अवस्थामा एकात्मक प्रकृतिको राज्य व्यवस्थाबाट सङ्घीयतामा वा सङ्घीय राज्य व्यवस्थाबाट एकात्मक व्यवस्थामा र एकात्मक राज्य व्यवस्थाबाट विकेन्द्रित राज्यको स्वरूपमा हुने रूपान्तरणलाई बुझ्नु सान्दर्भिक हुन्छ । यसले नयाँ राष्ट्र जन्माउने नभई भइरहेको राज्य संरचनालाई विकसित र समुन्नत तुल्याउने कार्यलाई दिशानिर्देश गर्दछ ।

सङ्घीयता, विविधताका बीच एकताको माध्यमका रूपमा स्वीकार गरिएको शासकीय पद्धति हो । कर्मचारी सबै किसिमका राज्य व्यवस्थामा राज्यका नीति र कार्यक्रम तर्जुमा, कार्यान्वयन र पृष्ठपोषणका लागि व्यवस्था गरिएको स्थायी संयन्त्र हो । यसको आफ्नो छुट्टै उद्देश्य हुँदैन भनिन्छ । जनताको इच्छा, आकाङ्क्षा र चाहनालाई पूरा गर्न क्रियाशील रही जनसन्तुष्टि हासिल गर्नमा सरकारलाई सहयोग पुऱ्याउनु यसको एकमात्र लक्ष्य र उद्देश्य रहेको हुन्छ । नेपालको सर्न्दभमा विकेन्द्रीकरणसहितको एकात्मक स्वरूपको राज्यव्यवस्थाले जनसन्तुष्टि दिलाउन नसकेपछि सङ्घीयतातर्फको पुनर्संरचनामा जाने अठोट गरिएको हो । हालको एकात्मक केन्द्रीकृत स्वरूपमा रहेका कर्मचारीहरूलाई सङ्घीय पद्धतिको ढाँचामा रूपान्तरण गर्दा गरिने चुनौतीपूर्ण कार्यको प्रबन्धलाई कर्मचारी व्यवस्थापनका रूपमा लिइएको छ । केन्द्र, राज्य र स्थानीय सबै तहमा कर्मचारीको प्रबन्धकीय कार्य चुनौतीपूर्ण हुने देखिन्छ ।

## २. राज्यको पुनर्संरचना

राज्यको पुनर्संरचना भन्नाले भइरहेको राज्य संरचनामा हेरफेर, नवीकरण, विकास र सुधार गर्ने प्रक्रियालाई जनाउँछ । राज्य पुनर्संरचनाको कार्यले नयाँ राष्ट्र जन्माउने नभई भइरहेको राज्य संरचनालाई विकसित र समुन्नत तुल्याउने हो । राज्य पुनर्संरचना निम्न कारणहरूले गरिन्छ :

- भइरहेको संरचना विभेदकारी भई जनताका इच्छाचाहना पूरा गर्न असफल सावित भएमा ।
- विद्यमान संरचनाले जनतालाई न्याय गर्न नसकेमा ।
- विभेदको अन्त्य गर्न असमर्थ भएमा समावेशी चरित्रनिर्माण गर्न ।

- शासन प्रणालीका अवयवहरू सार्वभौम जनताप्रति उत्तरदायी नभएमा ।
- सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरण गर्न आवश्यक देखिन्छ ।
- सबै वर्ग र क्षेत्रका जनताको शासन प्रक्रियामा स्वामित्व बोध र पहुँच स्थापित गर्नुपरेमा ।
- जातीय धरोहर र संस्कृतिको बचाउ गर्न ।
- केन्द्रीकृत विकासको दुष्परिणाम रोक्न ।
- विद्रोही शक्तिको कार्यसूची सम्बोधन गर्न ।

## २.१. राज्य पुनर्संरचनाका उद्देश्यहरू

निम्न लिखित उद्देश्य प्राप्तिका लागि राज्य पुनर्संरचना गरिन्छ :

- राज्यका प्रमुख अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्यप्रणालीमा पूर्णरूपमा परिवर्तन ल्याई गतिशील, जनमुखी र अझ प्रभावकारी बनाई सरकारको प्रभावकारिता बढाउन ।
- शासन सञ्चालनमा हरेक जनताको सहभागिता र स्वामित्वभाव सुनिश्चित गर्न ।
- राज्यको केन्द्रीय स्वरूपमा परिवर्तन गरी जनताको घरदैलोमा प्रभावकारी सेवा प्रवाह गर्न ।
- शासन प्रक्रियालाई जनताको नजिक पुऱ्याउन ।

## २.२. राज्य पुनर्संरचना गर्दा ध्यान दिनुपर्ने पक्ष

राज्य पुनर्संरचना गर्दा निम्न लिखित पक्षमा ध्यान दिनुपर्छ :

- केन्द्रीय राज्यप्रणालीलाई सङ्घात्मक स्वरूपमा रूपान्तरण गर्न खोजिएको भए देशको भौगोलिक, जनसङ्ख्या, जातीय स्वरूप र प्राकृतिक स्रोतजस्ता पक्षहरूलाई बढी ध्यान दिनुपर्छ ।
- शासन प्रणालीमा सुधार गर्न खोजिएको भए राष्ट्रपतीय, प्रधानमन्त्रीय, संसदीय लोकतान्त्रिक प्रणालीका सम्बन्धमा विचार पुऱ्याउनुपर्छ ।
- राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिकलगायत विविधताभित्रको एकतामा ध्यान दिनुपर्छ ।
- एकीकृत राज्य प्रणाली भई शक्ति विकेन्द्रीकरण गर्न खोजिएको भए विकेन्द्रीकरणका विभिन्न मोडल वा स्वरूपको अध्ययन गरी उपयुक्त मोडल अपनाउन सकिन्छ ।
- प्राकृतिक स्रोतको बाँडफाँडमा ध्यान पुऱ्याउनुका साथै राष्ट्रको भूबनोट र प्राकृतिक स्रोतसाधनको उपलब्धता र सम्भाव्यताको वैज्ञानिक विश्लेषण गर्नुपर्छ ।
- राष्ट्रको सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय अस्तित्वको जगेर्नामा ध्यान पुऱ्याउनुपर्छ ।
- सामाजिक सद्भाव, सांस्कृतिक पहिचान, धार्मिक सहिष्णुता आदिमा दरार पर्न र ठेस लाग्न नदिने गरी शक्तिको बाँडफाँड हुनुपर्छ ।
- क्षेत्रीय सन्तुलन र सहकार्यको भावनामा जोड दिनुपर्छ ।
- अधिकारको बाँडफाँडमा विशेष सर्तकता अपनाउनु आवश्यक छ । Vertical/ Horizontalरूपमा सन्तुलन र नियन्त्रणका विषयमा ध्यान दिनुपर्छ । राज्य संयन्त्रका हरेक तहमा जुन रूपले शक्ति सन्तुलनको व्यवस्था गर्ने हो, त्यसै गरी हरेक तहमा व्यवस्थापकीय, कार्यकारिणी र न्यायिक अधिकारको पृथकीकरण र सन्तुलन कायम गरिनु आवश्यक छ ।
- प्रशासकीय संयन्त्रको उचित व्यवस्थापन गर्नु आवश्यक छ । प्रशासकीय संयन्त्र राष्ट्रिय एकता कायम गराउने महत्त्वपूर्ण माध्यम पनि हो भन्ने बुझ्नु आवश्यक हुन्छ ।

## २.३ नेपालका सन्दर्भमा राज्य पुनर्संरचना

नेपालका सन्दर्भमा राज्य पुनर्संरचना गर्दा माथि उल्लिखित मान्यताहरूलाई ध्यानमा राख्नुपर्छ । राज्यभित्र बसोबास गर्ने सबै तह, वर्ग, क्षेत्र, जातजाति, भाषा, संस्कृतिका मानिसहरूको सहभागितामूलक प्रतिनिधित्व, सन्तुलित विकास र भावनात्मक एकता कायम गर्न गरिने राज्यको ढाँचाको Re-engeneering ने राज्य पुनर्संरचना भएकाले अहिलेकै क्षेत्र, अञ्चल, जिल्ला, नगर र गाउँ विकास समितिहरूको ढाँचालाई केही संशोधन गरी विद्यमान ढाँचालाई नै राज्य पुनर्संरचनाका रूपमा रूपान्तरण गर्न पनि सकिन्छ ।

यसो गरिएमा भइरहेका भौतिक संरचना, जनशक्तिको सदुपयोग हुने र राष्ट्रलाई अधिक आर्थिक दायित्व पनि नपर्ने हुन्छ र अन्तरिम संविधानले परिलक्षित गरेको वर्गीय, जातीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न पनि बल पुग्ने देखिन्छ ।

नेपालको अन्तरिम संविधानले राज्य पुनर्संरचनाका सम्बन्धमा निम्नलिखित कुराहरूलाई इङ्गित गरेको छ :

- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने । (प्रस्तावनामा)
- उल्लिखित समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने । (धारा ३३घ)
- राज्यको समावेशी, लोकतान्त्रिक सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ । यस प्रयोजनका लागि राज्य पुनर्संरचना आयोग गठन गरिने र अन्तिम टुङ्गो संविधान सभाले लगाउने । (धारा १३८)

संविधान सभा, राज्यको पुनर्संरचना तथा शासकीय स्वरूप निर्धारण समितिले संविधान सभामा प्रस्तुत गरेको प्रतिवेदनमा निम्नलिखित तीन तहको संरचना उल्लेख गरेको छ :

- केन्द्र सरकार
- प्रादेशिक वा राज्य सरकार र
- स्थानीय सरकार

राज्यको हालको एकात्मक प्रणालीलाई उल्लिखित तीन तहमा विभाजन गर्दा हालकै क्षेत्र, अञ्चल र स्थानीय तहका जिल्ला, नगर र गाउँ विकास समितिलाई आधार मान्न सकिन्छ ।

## ३. सङ्घीयता

सङ्घीयतालाई विविधताबीचको एकताका माध्यमका रूपमा स्वीकार गरिएको शासकीय पद्धतिका रूपमा लिइन्छ । यस्तो व्यवस्थामा संविधानतः राज्यशक्ति केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारका बीच विभाजन गरिएको हुन्छ । यस्तो व्यवस्थामा निम्नलिखित विशेषताहरू हुन्छ :

- एउटा अर्कोमाथि आश्रित रहनु पर्दैन ।
- एकअर्काको अधिकारमाथि हस्तक्षेप हुँदैन ।
- सबै तहका सरकारप्रति नागरिकहरूको समान आस्था र निष्ठा रहन्छ ।
- अधिकारको सिमाङ्कन गरिन्छ ।
- सरकारहरू आआफ्ना अधिकार प्रयोग गर्न स्वतन्त्र रहन्छन् ।

के.सी.ह्वियरले सङ्घीयताका सम्बन्धमा भनेका छन्- सङ्घात्मकताको सिद्धान्तको तात्पर्य शक्ति विभाजनको पद्धतिसँग सम्बन्धित छ, जसअनुसार केन्द्रीय र प्रादेशिक सरकारहरू आआफ्ना क्षेत्रमा स्वतन्त्र र समकक्ष रहन सकून् ।

मन्टेस्क्युका शब्दमा- सङ्घात्मक सरकार, त्यस्तो सम्झौता हो, जसमा धेरै मिल्दाजुल्दा राज्यहरू एउटा ठूलो राज्यको सदस्य बन्न सहमत हुन्छन् ।

यी माथि उल्लिखित भनाइहरूलाई ध्यानमा राख्दा सङ्घीय व्यवस्थाका निम्नलिखित लक्षयणहरू रहन्छन् :

- केन्द्र, प्रान्त र स्थानीय सरकारबीच शक्तिको विभाजन
- संविधानको सर्वोच्चता
- न्यायपालिकाको श्रेष्ठता
- जवाफदेहिता
- नयाँ सङ्घ निर्माणमा सबैको भलाइ
- इमानदार र क्रियाशील सरकारका तहहरू

### ३.१. सङ्घ निर्माणका सर्तहरू

सङ्घ निर्माण चाहना र बाध्यता दुवै हुन सक्छ । यसका लागि केही पूर्वसर्तहरू आवश्यक देखिन्छ, जुन यसप्रकार छन् :

- सङ्घ निर्माण गर्ने इच्छा,

- सङ्घ निर्माणको उद्देश्य स्पष्ट हुनुपर्छ,
- भौगोलिक एकता,
- सदस्यहरूमा बढी समानता हुनुपर्छ,
- अधिकार, साझेदारी र सहनशील सरकार,
- संस्थाहरूको अवस्था,
- स्रोतसाधनको मौजुदा उपयोग,
- राजनीतिक संस्कार र सोच,
- राष्ट्रियताको भावना र सोच,
- समान हित अभिवृद्धि,
- वित्तीय सङ्घवादको प्रयोग,
- केन्द्रीय व्यवहार,
- अन्तरसरकारी समन्वय, सम्बन्ध र संवेदनशीलता,
- सूचना प्रविधिको प्रयोग र सञ्जाल,
- राष्ट्रिय मापदण्ड,
- विकेन्द्रीकृत उपागम,
- वित्तीय स्रोत वितरणको संस्थागत व्यवस्था आदि ।

## ३.२ सङ्घीय पद्धति निर्माणमा ध्यान दिनुपर्ने पक्षहरू

सङ्घीय पद्धति निर्माण गर्दा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

- उद्देश्य र आवश्यकता,
- सङ्घीय ढाँचाका आधार र दिगोपना,
- समसामयिक सङ्घीयताले भोगेका चुनौती,
- सङ्घीयताभित्रका द्वन्द्व र तनाव,
- राज्य र सङ्घबीचको सक्रिय सहयोग,
- अन्तरसरकारी सम्बन्धका महत्त्वपूर्ण पक्षहरू,
- सङ्घीय व्यवस्थाका नतिजा,
- कार्यजिम्मेवारी बाँडफाँड,
- सङ्घीय संरचना,
- पारदर्शिता र जवाफदेहिता ।

## ३.३. सङ्घीयताका प्रकारहरू

सङ्घीयताका विभिन्न प्रकारहरू विश्वमा प्रयोगमा छन्, जुन यसप्रकार छन् :

- Coming together र Holding together मा आधारित सन्धि र स्वायत्त सङ्घीयता,
- स्रोतसाधन र अधिकारको स्पष्ट बाँडफाँडसहितको द्वैध र सहकारी सङ्घीयता,
- एउटै स्थलमा प्रभुत्व जमाएकाहरू र छरिएर रहेका बस्तीहरूको अनुकूल हुने भूखण्डीय र निगम सङ्घीयता,
- सबै राज्यलाई समान अधिकार र असमान अधिकार भएको समान र असमान सङ्घीयता र
- एकै भाषा तथा जातिका लागि उपयोगी हुने जातीय र एकात्मक राज्यअन्तर्गत दिइने क्षेत्रीय सङ्घीयता ।

## ३.४. नेपालमा सङ्घीयता

नेपालमा कस्तो सङ्घीयता उपयुक्त हुने भन्ने विवाद रहिरहे पनि नेपालको अन्तरिम संविधान, २०६३ ले सङ्घीय राज्य हुने कुराको टुङ्गो लगाइसकेको छ । संविधानको प्रस्तावना र धारा १३८ मा सङ्घीय राज्यका बारेमा उल्लेख गरिएको छ ।

नेपालका सन्दर्भमा माथि उल्लेख गरिएका मोडलहरू अध्ययन गर्दा र नेपालको विविध भाषा, संस्कृति, जातजातिलगायत भौगोलिक एवं प्राकृतिक विषमता समेतलाई हेर्दा एकात्मक राज्यभित्रकै स्थानीय स्वायत्ततामा आधारित जातीय र क्षेत्रीय स्वायत्तता र छरिएको बस्तीसमेतलाई उपयोगी हुने निगम प्रकृतिको विशेषता भएको मिश्रित अर्धसङ्घीय राज्य प्रणाली अपनाउनुमा नै राज्यको हित हुने देखिन्छ । स्वायत्तता दिँदा निम्नलिखित क्षेत्रलाई केन्द्रविन्दु बनाई नीतिनिर्माण गर्नु र योजनाहरू कार्यान्वयन गर्न पाउने स्वायत्तता दिनु उपयोगी हुने देखिन्छ :

- राजनीतिक, आर्थिक, सांस्कृतिक, भाषिक र धार्मिक पक्ष,
- शिक्षा, स्वास्थ्य मनोरञ्जन, खेलकुद र जनसङ्ख्या,
- भौतिक पूर्वाधार विकास,
- उद्योग, वाणिज्य र कृषि,
- न्याय प्रशासन र सामाजिक सुरक्षा र
- राजस्व परिचालन, वातावरण संरक्षण, गरिबी निवारण

सङ्घीयतालाई विविधताबीचको एकताका माध्यमका रूपमा स्वीकार गरिएको शासकीय पद्धति भएकाले यसका राम्रा विशेषताहरू रहेर पनि प्रयोग र कार्यान्वयनका क्षेत्रमा विचार पुऱ्याउन सकिएन भने राष्ट्रका लागि अभिशाप पनि बन्न सक्छ । नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक र जातीय परिवेशलाई यथार्थ मूल्याङ्कन गरी सर्वस्वीकार्य रणनीतिका आधारमा सङ्घीयताको अवधारणालाई कार्यान्वयन गर्न सकेमा मात्र नेपालको राष्ट्रिय हितको प्रवर्धन गरी देशको सर्वतोमुखी विकास गर्न सकिन्छ । यसतर्फ नीति निर्माताहरूको ध्यान जानु आवश्यक छ ।

## ४. कर्मचारी व्यवस्थापन

सङ्घीय व्यवस्थामा कर्मचारीको व्यवस्थापन कार्य चुनौतीपूर्ण हुने देखिन्छ । कर्मचारी व्यवस्थापन भन्नाले कर्मचारीको छनोट प्रक्रियादेखि अवकाससम्मका सबै प्रक्रियाहरू पर्दछन् । मुलुक सङ्घीयतामा जान लागिरहेको र यसलाई तीन तहमा विभाजन गर्न लागिएको अवस्थामा एकातिर वर्तमान केन्द्रीकृत निजामती सेवामा रहेका विद्यमान कर्मचारीहरूको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण हुनेछ भने अर्कोतर्फ राज्य व्यवस्थाका केन्द्रीय, प्रान्तीय र स्थानीय तहमा कर्मचारीको प्रबन्ध मिलाउनु चुनौतीपूर्ण देखिन्छ । केन्द्रीय प्रशासनिक निकायका कर्मचारीहरूले केन्द्रीय सरकारको कार्यक्षेत्रसँग सामीप्य राखी मुलुकभरि काम गर्नुपर्ने हुँदा यसको कार्यक्षेत्र मुलुकभरि फैलिएको हुन्छ ।

प्रान्तीय र स्थानीय तहमा केकस्ता कार्यहरू विभाजित हुन्छन् ? ती कार्यका आधारमा ती तहमा काम गर्ने कर्मचारीको कार्यक्षेत्र निर्धारण हुन्छ । मोटामोटीरूपमा सङ्घीय मोडल अपनाएका मुलुकहरूको कर्मचारी व्यवस्था निम्नलिखित रहेको पाइन्छ :

### मोडल १

भारतमा अपनाइएको केन्द्रीय र प्रान्तीय सेवाको मोडल नेपालका लागि पनि उपयोगी हुन सक्छ । भारतमा निम्न चार सेवाहरूलाई केन्द्रीय सेवाअन्तर्गत राखी देशभर यी सेवाका कर्मचारीहरूलाई खटाइएको छ :

- प्रशासन सेवा
- वन सेवा
- परराष्ट्र सेवा
- प्रहरी सेवा

यी सेवामा रहेका कर्मचारीहरूको वृत्ति विकाससम्बन्धी सम्पूर्ण कुरा केन्द्रले नै हेर्दछ ।

### मोडल २

दक्षिण अफ्रिकामा संविधानमा नै गणराज्यको सेवा र प्रान्तीय सेवाहरू तथा अन्य सार्वजनिक सेवाहरूका बारेमा उल्लेख गरिएको छ । गणराज्यको संविधानअन्तर्गत गणराज्य सेवाका लागि बनेको ऐनले निर्धारण गरेको सिद्धान्तका आधारमा प्रान्तीय सरकारले प्रान्तीय सेवाका लागि ऐन बनाई कर्मचारीको सरूवा, बढुवा र वृत्ति विकाससम्बन्धी व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

### मोडल ३

केन्द्रले केन्द्रीय सेवाका लागि, प्रान्तले प्रान्तीय सेवाका लागि ऐन बनाई कर्मचारीहरूको सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने र प्रत्येक प्रान्तले आफू मातहतका स्थानीय निकायहरूको सेवा सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टाछुट्टै कानुन बनाई लागू गर्न सक्ने गरी संविधानमा नै उल्लेख गर्न सकिन्छ ।

नेपालका सन्दर्भमा उल्लिखित मोडलहरूमध्ये तेस्रो मोडल अपनाई विद्यमान केन्द्रीय निजामती सेवाका कर्मचारीहरूलाई केन्द्र र प्रान्तमध्ये कुन तहमा रहने हो निश्चित समय तोकी छनोटको अवसर दिनु उपयुक्त र सान्दर्भिक हुन्छ । यस्तो व्यवस्था संविधानमा नै उल्लेख गर्नुपर्छ । प्रान्त र स्थानीय सेवाका लागि निम्नलिखित किसिमका आधारभूत पक्षहरू कानुनमा व्यवस्था गर्नुपर्ने बाध्यात्मक व्यवस्था गर्नु वाञ्छनीय हुन्छ :

- योग्यता प्रणाली,
- भ्रष्टाचारमुक्त प्रशासन,
- सेवाको सुरक्षा,
- पारदर्शिता,
- सहभागितामूलक र समावेशी प्रथाको अवलम्बन,
- उत्तरदायित्वपूर्ण व्यवहार,
- मानव अधिकारको पालना र
- कानुनी व्यवस्थाको पालना ।

कर्मचारीको व्यवस्थापन कार्य राज्यका लागि एक संवेदनशील विषय भएकाले सरोकारवालाहरूसँग समेत व्यापक छलफल र अन्तर्क्रिया गरेरमात्र निर्णय लिइनु उपयुक्त हुन्छ । कर्मचारीको छनोट प्रक्रिया प्रभावकारी लोक सेवा आयोगका माध्यमबाट मात्र सम्भव भएकाले लोक सेवा आयोगको विद्यमान व्यवस्था र सङ्गठन संरचनाप्रति पनि विशेष ध्यान दिनुपर्दछ । लोक सेवा आयोगको पुनर्संरचना गर्दा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

- लोक सेवा आयोग पनि एउटै नभई राज्यको स्वरूपअनुसार फरकफरक हुन सक्छ,
- कार्यक्षेत्रमा समेत परिवर्तन गरी नियुक्तिका लागि उमेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने कार्य त्यस क्षेत्रमा विज्ञता हासिल गरेका निकायहरूलाई सुम्पी तीनहरूले सिफारिश गरेका उमेदवारलाई सरकारले नियुक्ति गर्ने व्यवस्था अवलम्बन गर्न सकिन्छ । यसको अनुगमन भने लोक सेवा आयोगबाट हुने व्यवस्था गर्न सकिन्छ,
- कर्मचारीको सेवा सुरक्षासम्बन्धी कार्यक्षेत्र लोक सेवा आयोगलाई दिनुपर्छ र
- बढुवा एवं उच्च पदस्थ कर्मचारीहरूको नेतृत्व मूल्याङ्कनसम्बन्धी कार्य लोक सेवा आयोगबाट हुनुपर्छ ।

## ५. निष्कर्ष

राज्यको पुनर्संरचना र सङ्घीयतासँगै यससँग सम्बन्धित संयन्त्रहरूको पनि पुनर्संरचना हुनुपर्छ । जनताको चाहना र माग भनेको सुशासन र विकास हो । अबको राज्य संयन्त्रले जनताको चाहनालाई पूरा गर्न सक्नुपर्छ । यसका लागि प्रशासनिक सङ्गठनमा आबद्ध हुने कर्मचारीहरूको पनि मनोबल र उत्प्रेरणा उच्च रहनुपर्छ । सङ्गठनको उत्पादन बढाउन कर्मचारीको मनोबल बढ्नै पर्दछ । यस कुरालाई सबै तहका सरकारहरूले मनन गर्नुपर्छ । कर्मचारीलाई जवाफदेही बनाउन Principal Agent Theory को अवलम्बन र अभ्यास सबै तहको सरकारमा हुनुपर्छ । अबको प्रशासन भनेको सुशासन र विकासको प्रशासन भएकाले सङ्घीय स्वरूपको विकेन्द्रित राज्य प्रणालीलाई अगाडि बढाउन र जीवन्तता प्रदान गर्नका लागि प्रशासनमा रहने सक्षम र दक्ष जनशक्तिको चयन गर्ने स्वायत्त अधिकार प्रत्येक तहको सरकारलाई हुनुपर्दछ । यसको प्रभावकारी अनुगमनका लागि राज्य पुनर्संरचना गर्दा पनि लोक सेवा आयोगको भूमिका कमजोर बनाइनु हुँदैन ।

## सन्दर्भ सामग्री


ज्ञवाली, चन्द्रकान्त, (२०६४), **सङ्घीय शासन प्रणाली, राज्यको पुनर्संरचना**, काठमाडौँ, अस्मिता ज्ञवाली र जनसेवा प्रिन्टर्स प्रा.लि. ।

भण्डारी, बुद्धिप्रसाद, (डा.), (२०६४), **संविधानसभा, लोकतन्त्र, समावेशीकरण र सङ्घीय राज्य प्रणाली**, काठमाडौँ, पैरवी प्रकाशन ।

भट्टराई, श्यामकुमार, (२०६६), 'सङ्घीय संरचनामा कर्मचारी व्यवस्थापन', **कर्मचारी**, काठमाडौँ, नेपाल कर्मचारी युनियन ।

मैनाली, गोपीनाथ, (२०६६), **राज्य सञ्चालनका आधारहरू**, काठमाडौँ सोपान (मासिक), ।

... ... ..., (२०६५) **परिवर्तित सन्दर्भमा निजामती सेवाको स्वरूपसम्बन्धी अध्ययन प्रतिवेदन**, काठमाडौँ, सामान्य प्रशासन मन्त्रालय ।

... ... ..., **नेपालको अन्तरिम संविधान, २०६३**, काठमाडौँ, कानुन किताब व्यवस्था समिति ।